# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, पुस ९ गते २०३६ साल [ संख्या ३५

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सेती महाकाली धानचामल निर्यात कम्पनी लि. को मोहनपुरस्थित आधुनिक राइस मिल्सले उत्पादन गरेको चामलमा उत्पादन गरेको मिति २०३५।४।१८ देखि प्रथम वर्ष शत प्रतिशत, द्वितीय वर्ष ७५ प्रतिशत र तृतीय वर्ष ५० प्रतिशत अन्तःशुल्क रिहाई दिएको छ।

आज्ञाले–

शम्भुप्रसाद खनाल

श्री ५ को सरकारको उप-सचिव

४४८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बहुमूल्य रत्नहरूको खरीद बिक्री लेनदेन कारोवारमा बाहेक अन्य सबै कारोवार र मालसामानको सम्बन्धमा उक्त ऐनको बाँकी सबै दफाहरू देहायका जिल्लामा मिति २०३६।६।१४ देखि प्रारम्भ हुने गरी तोकिदिएको छ।

१. भोजपुर २. बाग्लुङ ३. गुल्मी ४. सल्यान।

आज्ञाले–

देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।